# गण्डकी प्रदेश सभा

## आठौं अधिवेशन

**बैठक संख्या -७**

**सूचनापत्र - २**

**(बैठकको कारवाहीको संक्षिप्त विवरण)**

**मिति २०८२ साल जेठ २३ गते, शुक्रवार**

गण्डकी प्रदेश सभाको आजको बैठक **माननीय सभामुख कृष्ण प्रसाद धितालको** अध्यक्षतामा विहान ११:१५ बजे प्रारम्भ भयो।

तत्पश्चात **आकस्मिक समयमा माननीय प्रकाश वरालले कास्की जिल्लाको मर्दी खोलामा पोखरा खानेपानी संस्थानको ड्याम्पको रहमा डुवेर मृत्यु भएका बालकहरु**को विषयमा आफ्नो भनाई राख्नुभयो ।

तत्पश्चात माननीय **मुख्यमन्त्री सुरेन्द्रराज पाण्डेले माननीय प्रदेश प्रमुख डिल्लीराज भट्टले मिति २०८२ साल जेठ २१ गते गण्डकी प्रदेश सभाको बैठकमा गर्नुभएको सम्बोधनमा उल्लिखित गण्डकी प्रदेश सरकारको आर्थिक वर्ष २०८२/०८३ को वार्षिक नीति तथा कार्यक्रम माथि छलफल** प्रारम्भ गरियोस् भनि प्रस्ताव प्रस्तुत गर्नुभयो ।

तत्पश्चात **गण्डकी प्रदेश सरकारको आर्थिक वर्ष २०८२/०८३ को वार्षिक नीति तथा कार्यक्रम** माथिको छलफल प्रारम्भ भयो । उक्त छलफलमा **माननीय खगराज अधिकारी, माननीय अशोक कुमार श्रेष्ठ, माननीय हरि बहादुर भण्डारी, माननीय विन्दु पौडेल, माननीय सुनिता थापा, माननीय लिल बहादुर थापा मगर, माननीय पार्वती तामाङ, माननीय निर्मला थापा, माननीय टिका कुमारी वस्याल, माननीय श्यामराजा महत, माननीय सरस्वती गुरुङ,माननीय सुधिर कुमार पौडेल, माननीय बिकल शेरचन र माननीय यशोदा रिमाल**ले छलफलमा भाग लिनुभयो ।

तत्पश्चात **सामाजिक विकास तथा कृषि समितिका माननीय जेष्ठ सदस्य महेन्द्रध्वज जि.सी.ले समितिको प्रतिवेदन सहितको "गण्डकी प्रदेशमा मगर र गुरुङ भाषालाई सरकारी कामकाजको भाषाको रुपमा प्रयोग गर्ने सम्बन्धमा व्यवस्था गर्न बनेको विधेयक"** सभा समक्ष प्रस्तुत गर्नुभयो ।

तत्पश्चात माननीय सभामुखले आगामि **बैठक २०८२ साल जेठ २४ गते विहान ११** मा बस्नेगरी १३:४५ बजे स्थगित गर्नुभयो।

......................

(हरिराज पोखरेल)
प्रदेश सभा सचिव